# लक्ष्मीप्रसाद देवकोटाका सिर्जना हेतु

- डा श्रीधर न्यौपाने

पृथ्वीनारायण क्याम्पस, पोखरा, नेपाल

**सार-** प्रस्तुत लेख नेपाली साहित्यका सुप्रसिद्ध साहित्यकार महाकवि लक्ष्मीप्रसाद देवकोटाको सिर्जना हेतुका कोणबाट गरिने अध्ययनमा केन्द्रित रहेको छ। देवकोटाको सिर्जना हेतु के कस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने उद्देश्य यस अध्ययनमा राखिएको छ। साहित्यकारले साहित्य सिर्जना गर्नाका कारण नै सिर्जना हेतु हो। सिर्जना हेतुबारे पूर्व र पश्चिममा व्यापक चर्चा भए पनि यस अध्ययनमा पूर्वीय काव्य चिन्तन परम्परामा स्थापित प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई आधार बनाई देवकोटाका सिर्जना सामर्थ्यबारे विमर्श गरिएको छ। देवकोटाको सिर्जना हेतुबारे पूर्वकार्यमा चर्चा भए पनि यसै कोणबाट व्यवस्थित अध्ययनको भने रिक्तता रहेकाले यस अध्ययनको औचित्य देखिएको हो। बहुसत्यमा आधारित गुणात्मक प्रकृतिको यस अध्ययनमा तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसाका बिचमा समन्वय कायम गरिएको छ। पूर्वीय काव्य चिन्तन परम्परामा स्थापित सिर्जना हेतुका कोणबाट देवकोटामा निहित सिर्जना हेतुबारे अध्ययन गरिएकाले यस अध्ययनमा निगमनात्मक शोध विधिको अवलम्बन गरिएको छ। अध्ययनका लागि आवश्यक समग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ। देवकोटाको सिर्जना हेतुमा प्रतिभा, व्युत्पत्ति र अभ्यास समान रूपमा रहेका र तिनै विशेष गुणका कारण उनी नेपाली साहित्यमा विशिष्ट साहित्यकारका रूपमा स्थापित भएका छन् भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ।

**बीज शब्द-** अभ्यास, प्रतिभा, विशिष्ट, व्युत्पत्ति, हेतु।

## १ परिचय

नेपाली साहित्यका क्षेत्रमा विशिष्ट प्रतिभा सम्पन्न स्रष्टाका रूपमा लक्ष्मीप्रसाद देवकोटा (वि सं १९६६–२०१६) परिचित रहेका छन्। दस वर्षको उमेरदेखि नै कविता सिर्जना आरम्भ गरेका देवकोटाले आफ्नो चालीस वर्षको सिर्जना यात्रामा साहित्यका सबै विधामा कलम चलाई आफूलाई बहुमुखी प्रतिभाका रूपमा परिचित गराएका छन्। उनमा साहित्य सिर्जना गर्न सक्ने सामर्थ्य विशिष्ट रहेको देखिन्छ। विलक्षण प्रतिभा र विशिष्ट सिर्जना सामर्थ्य भएका देवकोटाले सङ्ख्यात्मक रूपमा बहुल र गुणात्मक दृष्टिले उत्कृष्ट साहित्य सिर्जना गरी आफूलाई अब्बल साहित्यकारका रूपमा स्थापित गराएका छन्। नेपाली साहित्यमा महाकविका रूपमा सम्मानित देवकोटाले कविता र निबन्धका क्षेत्रमा सिद्धि प्राप्त गरेको देखिन्छ। विशेष गरी कवितामा स्वच्छन्दतावादी, प्रगतिवादी लेखन कला तथा निबन्धमा व्यङ्ग्यात्मक लेखन कलाको अवलम्बन गरेका देवकोटा विशिष्ट प्रतिभा सम्पन्न स्रष्टाका रूपमा नेपाली साहित्यमा स्थापित छन्।

जीवन जगत्बारे गरिएका अनुभूतिलाई कलात्मक रूपमा प्रस्तुत गर्दा साहित्यको जन्म हुने गर्दछ। यस्तो साहित्य सिर्जना गर्ने कारण रहेका हुन्छन्। साहित्य सिर्जना हुने तिनै कारणलाई नै सिर्जना हेतु भनिन्छ। यस्तो साहित्य सिर्जनाको कारणका सम्बन्धमा पूर्वीय चिन्तन परम्परामा व्यापक चर्चा भएको पाइन्छ। प्रतिभा, व्युत्पत्ति र अभ्यासका कारण नै साहित्यको सिर्जना भएको हुन्छ भन्ने मत पूर्वीय आचार्यहरूको रहेको छ। देवकोटाको सिर्जना हेतुका

सम्बन्धमा चर्चा भएको कुरा तिनका बारेमा गरिएका पूर्वकार्यको अध्ययनबाट जानकारी प्राप्त भएको तर प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई आधार बनाई व्यवस्थित अध्ययनको भने रिक्तता देखिएको छ। तसर्थ देवकोटाको सिर्जना हेतु के कस्तो रहेको छ भन्ने शोध प्रश्नको समाधान गर्ने उद्देश्य राखिएको यो अध्ययन प्राज्ञिक दृष्टिले महत्त्वपूर्ण रहेकाले औचित्यपूर्ण देखिन्छ। देवकोटाको सिर्जना हेतुका बारेमा अध्ययन गर्नु यस अध्ययनको क्षेत्र रहेको छ। देवकोटाको सिर्जना हेतुका बारेमा अध्ययनका लागि पूर्वीय काव्य चिन्तन परम्परामा स्थापित प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई विश्लेषणको आधार बनाइएको छ। सर्जकमा जन्मजात रहेको सिर्जना सामर्थ्य प्रतिभा हो। लोक व्यवहार र शास्त्रको अध्ययनबाट प्राप्त ज्ञानका आधारमा सिर्जना गर्नु व्युत्पत्ति हो र सिर्जनामा निरन्तर गरिने प्रयास अभ्यास हो। प्रस्तुत अध्ययनमा बहुसत्यलाई विश्वास गरिएकाले गुणात्मक प्रकृतिको अनुसन्धान ढाँचा अवलम्बन गरिएको छ। यस अध्ययनमा तत्त्व मीमांसा, ज्ञान मीमांसा र मूल्य मीमांसाका बिचमा समन्वय कायम गरी लेखलाई पूर्णता प्रदान गरिएको छ। सिर्जना हेतुका सैद्धान्तिक मान्यताका आधारमा देवकोटाको मूल्याङ्कन गरिएकाले निगमनात्मक शोधविधि यस अध्ययनमा अवलम्बन गरिएको छ। अध्ययनका लागि आवश्यक सामग्री सङ्कलनको स्रोत पुस्तकालयलाई बनाइएको छ। पूर्वीय काव्य चिन्तन अन्तर्गत सिर्जना हेतुका मान्यताहरू प्रतिभा, व्युत्पत्ति र अभ्यासका कोणबाट देवकोटाको मूल्याङ्कन गरिएको यस लेखले ज्ञानको रिक्तता परिपूर्ति गरेको र अन्य अध्येताका लागि उपयोगी समेत दखिएकाले यो अध्ययन औचित्यपूर्ण देखिन्छ।

## २ शोध विधि

प्रस्तुत अध्ययन बहुसत्यमा आधारित गुणात्मक प्रकृतिको रहेको छ। प्रतिभा, व्युत्पत्ति, अभ्यास, ईश्वरीय कृपा, निपुणता, विवेक, चिन्तन, सहृदयता, आत्माभिव्यक्ति, काम, हीनताको क्षतिपूर्ति, अचेतन मनको कार्यव्यापार, स्वस्थ कल्पनाका कारण नै मानिसले साहित्यको सिर्जना गरेको हुन्छ भन्ने कुरालाई सत्य ठानिएकाले यी यस अध्ययनका तत्त्व मीमांसाका रूपमा रहेका छन्। यिनीहरूमध्ये प्रतिभा, व्युत्पत्ति र अभ्यासका कोणबाट मात्र देवकोटाको सिर्जना हेतुबारे यस लेखमा मूल्याङ्कन गरिएको छ। तत्त्व मीमांसामा सत्य ठानिएका कुरालाई देवकोटाको जीवनी र उनका सिर्जनाबाट प्राप्त तथ्यका आधारमा व्याख्या विश्लेषण गरी ज्ञान निर्माण गरिएको छ। यसै गरी तत्त्वमी मांसामा सत्य ठानिएका कुरालाई समान महत्त्व दिनु यस अध्ययनको मूल्य मीमांसा रहेको छ। पूर्वीय काव्य चिन्तनमा स्थापित सैद्धान्तिक मान्यता सिर्जना हेतुका कोणबाट देवकोटाको सिर्जना सामर्थ्यको मूल्याङ्कन गरिएकाले निगमनात्मक शोधविधिको अवलम्बन यस लेखमा गरिएको छ। अध्ययनका लागि आवश्यक सामग्री पुस्तकालयबाट सङ्कलन गरिएको छ।

## ३ सैद्धान्तिक पर्याधार

सर्जकलाई साहित्य सिर्जना गर्न प्रेरित गराउने कारकबारे विमर्श गरिएको काव्य चिन्तन सिर्जना हेतुका सम्बन्धमा पूर्वीय साहित्य जगत्मा व्यापक चर्चा भएको पाइन्छ। विशेष गरी छैटौँ शताब्दीका भामहदेखि सत्रौँ शताब्दीका जगन्नाथसम्मका विद्वान्हरूले काव्य हेतुका सम्बन्धमा आआफ्ना अभिमत प्रकट गरेका छन्। उनीहरूको मन्थन प्रतिभा, व्युत्पत्ति र अभ्यास नै काव्य हेतु हो भन्नेमा केन्द्रित रहेको देखिन्छ। रुद्रटले सहजालाई मुख्य ठान्दै उत्पाद्य त अध्ययन, अभ्यास र सत्सङ्गले प्राप्त हुने धारणा प्रस्तुत गरेका छन् (गुलाबराय, इ सं१९६५, पृ-८१)।

रुद्रटले प्रतिभालाई प्रमुख ठाने पनि व्युत्पत्ति र अभ्यासलाई नकारेको देखिँदैन। प्रतिभाशाली र व्युत्पत्तिवान् व्यक्तिले सुकवि, सुजनका सामीप्यमा रहेर रातदिनको निरन्तर साधना गर्नु नै अभ्यास हो भन्ने तर्क रुद्रटको रहेको छ (त्रिपाठी, वि सं २०३४, पृ-४४९)। साहित्य सिर्जनाका लागि प्रतिभा, व्युत्पत्ति र अभ्यास तीनवटै कुराको आवश्यकता हुने कुरा रुद्रटले गरेका छन्। मम्मटले शक्तिले निपुण, शास्त्र र काव्यज्ञबाट शिक्षित तथा अभ्यास नै काव्यका हेतु हुन् भन्ने धारणा राखेका छन् (मम्मट, इ सं १९८०, पृ-७)। लोक, शास्त्र ज्ञान र विद्वान्हरूबाट ज्ञान आर्जन गरेको व्यक्तिले निरन्तर अभ्यास गरेमा मात्र साहित्य सिर्जना हुन सक्छ भन्ने धारणा मम्मटको रहेको छ। सिर्जना हेतुका सम्बन्धमा पूर्वीय आचार्यहरूबिच मतैक्य भने देखिँदैन। राजशेखर, हेमचन्द्र, वाग्भट, जयदेव, जगन्नाथ आदि विद्वान्हरूले प्रतिभालाई काव्य सिर्जनाका प्रमुख कारक मानेका छन् भने व्युत्पत्ति र अभ्यासलाई त्यस प्रतिभाको संस्कारकका रूपमा सकारेका छन्। यीमध्ये पनि जगन्नाथले काव्य हेतु केवल प्रतिभा भएकाले यस्तो प्रतिभा देवता र महापुरुषको कृपा, विलक्षण शास्त्र ज्ञान र अभ्यासद्वारा प्राप्त हुन्छ भन्ने धारणा राखेका छन् (उपाध्याय, वि सं २०३०/२०४९, पृ-२२)। जगन्नाथले प्रतिभालाई महत्त्व दिए पनि व्युत्पत्ति र अभ्यासलाई पनि सकारेकै छन्। वामन, दण्डीले साहित्य सिर्जनामा प्रतिभा, व्युत्पत्ति र अभ्यासको समान भूमिका हुने तर्क गरेका छन्। प्रतिभालाई काव्य हेतु मान्ने पूर्वीय आचार्यहरूले व्युत्पत्ति र अभ्यासलाई पनि अलग राखेको देखिँदैन।

प्रतिभा साथै व्युत्पत्ति पनि काव्य हेतु हो भन्ने तर्क पूर्वीय आचार्यहरूको रहेको छ। कारयित्री प्रतिभालाई पूर्वीय साहित्य जगत्मा सहजा, औपदेशिक र आहार्य गरी तीन प्रकारमा वर्गीकरण गरेको पाइन्छ। सर्जकको जन्मजात प्रतिभा सहजा हो। शास्त्र ज्ञान, तन्त्रमन्त्रबाट प्राप्त औपदेशिक प्रतिभा हो। सर्जकको अभ्यासका कारणबाट प्राप्त हुने प्रतिभालाई आहार्य प्रतिभा भनिन्छ (शर्मा र लुइँटेल, वि सं २०६१, पृ-९)। औपदेशिक प्रतिभा व्युत्पत्तिको निकट र आहार्य प्रतिभा अभ्यासको निकट रहेकाले प्रतिभालाई महत्त्व दिने आचार्यहरूले पनि व्युत्पत्ति र अभ्यासलाई पनि सकारेकै देखिन्छ। लोक व्यवहार र शास्त्रहरूको ज्ञानका आधारमा साहित्य सिर्जना गर्नु व्युत्पत्ति हो। रुद्रटले पनि शास्त्र कला, लोक स्थिति र लोक पात्रको विशेष ज्ञानबाट प्राप्त सही गलतको विवेकलाई व्युत्पत्ति मानेका छन्। आचार्य हेमचन्द्रले लोक, शास्त्र, काव्यमा निपुणता र बहुज्ञातालाई व्युत्पत्ति मानेका छन्। यसै गरी भामहले सर्जकमा व्याकरण, छन्द, कोश, अर्थशास्त्र, इतिहासाश्रित कथा, लोक व्यवहार, तर्क शास्त्र र कलाको मनन हुनु जरुरी ठानेका छन्। दण्डीले पनि व्युत्पत्तिका लागि सर्जकमा लोक, विद्या र प्रकीर्ण गरी तीन काव्याङ्गहरूको ज्ञान आवश्यक मानेका छन्। राजशेखरले सर्जक शास्त्रकवि, काव्यकवि र उभयकवि भएमा मात्र ऊ प्रतिभा र व्युत्पत्ति सम्पन्न सर्जक हुन्छ भन्ने धारणा राखेका छन् (शर्मा, वि सं २०५५, पृ-५७१–५७२)। सर्जकमा जति धेरै ज्ञान र अनुभव भयो त्यति नै उसको सिर्जना गहन, विशिष्ट र सौन्दर्यपूर्ण बन्ने देखिन्छ।

सुन्दर काव्य सिर्जनाका लागि सर्जकमा प्रतिभा र व्युत्पत्ति मात्र भएर पुग्दैन, त्यसका लागि निरन्तर साधना पनि जरुरी हुन्छ। अभ्यासले नै सर्जकका सिर्जनामा निखार आउँछ। दोषरहित र गुणयुक्त काव्य सिर्जनाका लागि सर्जकको निरन्तर साधना फलदायी बन्दछ। आफ्नो सिर्जनालाई सुन्दर बनाउनाका लागि सर्जकले काव्यज्ञहरूबाट विधिवत् शिक्षा लिएर निरन्तर काव्य निर्माणको आवृत्ति गर्नु वा त्यसमा पुनः पुनः प्रवृत्त हुनु नै अभ्यास हो। राजशेखरले अभ्याससँगै समाधिको कुरा गरेका छन्। समाधिले मनलाई एकाग्र बनाउँछ। अभ्यास बाहिरी पक्ष हो र समाधि आन्तरिक पक्ष हो (शर्मा, वि सं २०५५, पृ-५७२)। सर्जकले बाहिरी शरीरको अभ्यास मात्र गरेर पनि पुग्दैन,

त्यसका लागि आन्तरिक मनदेखि नै सक्रिय हुनु पर्छ भन्ने धारणा राजशेखरको रहेको छ। साहित्य सिर्जनाका लागि प्रतिभा, व्युत्पत्ति र अभ्यासको समान महत्त्व रहे पनि प्रतिभाको विशेष भूमिका हुन्छ (श्रीवास्तव, इ सं १९९१, पृ-१५)। प्रतिभाशाली मानिसले शास्त्रको ज्ञान आर्जन गरी निरन्तर गरेको अभ्यासले नै उसको सिर्जना सामर्थ्य खारिँदै जान्छ र विशिष्ट र उच्च कोटिको काव्य कृतिको जन्म लिने भएकाले प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई काव्यका हेतु मानिएको हो।

काव्यहेतुका सम्बन्धमा पाश्चात्य एवम् नेपाली साहित्य र समालोचना जगत्मा पनि चर्चा भएको पाइन्छ। ईश्वरको कृपा भएकाले मात्र काव्य रचना गर्न सक्छन् भन्ने मान्यता पाश्चात्य ग्रिसेली साहित्य जगत्मा रहेको देखिन्छ। दैवी प्रेरणा नै काव्य सिर्जनाको हेतु हो भन्ने तर्क एरिस्टोटलपूर्व रहेको देखिन्छ। एरिस्टोटलले निपुणता, अभ्यास, प्रतिभालाई तथा होरेसले शास्त्र ज्ञान, विवेक, चिन्तन, आविष्कार (प्रतिभा)-लाई सिर्जनाका कारण मानेका छन्। यसै गरी लन्जाइनसले प्रतिभा, अभ्यास र अध्ययन एवम् कलरिजले प्रतिभा, सहृदयता, विवेक, अध्ययनलाई सिर्जनाहेतु मानेका छन्। यसै गरी क्रोचेले आत्माभिव्यक्तिलाई सिर्जना हेतु मानेका छन् (शर्मा, वि सं २०६८/२०७६, पृ-६७–६८)। फ्रायडले काम, एडलरले हीनताको क्षतिपूर्ति र युङले अचेतन मनको कार्यव्यापारलाई सिर्जना हेतु सकारेका छन् (उपाध्याय, वि सं २०३०/२०४९, पृ-२१)। नेपाली साहित्यकार लक्ष्मीप्रसाद देवकोटाले स्वस्थ कल्पनालाई काव्य हेतु सकारेका छन् (न्यौपाने, वि सं २०३८/२०४९, पृ-४४)। कल्पना सामर्थ्यको अभावमा गहन साहित्यको सिर्जना कठिन हुने धारणा देवकोटाको रहेको देखिन्छ। काव्यसर्जकमा प्रतिभा हुनु पर्ने र उसले गरेको अध्ययन एवम् अभ्यासले सिर्जनामा निखार आउने कुरामा विद्वान्हरूले जोड दिएका छन्। यसै सैद्धान्तिक मान्यताका आधारमा देवकोटाको काव्यहेतुबारे यस लेखमा विश्लेषण गरिएको छ।

## ४ विश्लेषण र अभिप्राप्ति

नेपाली साहित्यका क्षेत्रमा बहुमुखी प्रतिभासम्पन्न स्रष्टा लक्ष्मीप्रसाद देवकोटाले सर्वाधिक सिद्धि प्राप्त गरेको साहित्यिक विधा कविता रहेको छ। दस वर्षको उमेरदेखि नै कविता सिर्जना गरेका देवकोटाले जीवनको अन्तिम घडीसम्म पनि यस यात्रालाई निरन्तरता दिएको देखिन्छ। आफ्नो चालीस वर्षको सिर्जना साधनामा उनले निकै महत्त्वपूर्ण कृतिको रचना गरेका छन्। कवितामै कुरा गर्न सक्ने सामर्थ्य देवकोटामा रहेको थियो। कविता अतिरिक्त निबन्ध, कथा, नाटक र उपन्यास सिर्जनामा पनि उनी सफल देखिएका छन्। विशिष्ट सिर्जनाका कारण महाकविका रूपमा सम्मानित देवकोटाको सिर्जना हेतु के कस्तो रहेको छ भन्ने कुराको अध्ययनका लागि पूर्वीय काव्य चिन्तन परम्परामा स्थापित प्रतिभा, व्युत्पत्ति र अभ्यासका कोणबाट यहाँ मूल्याङ्कन गरिएको छ -

### ४.१ प्रतिभा

व्यक्तिभित्र निहित विशिष्ट सिर्जना सामर्थ्यका कारण नै मानिसले गहन साहित्यिक कृतिको सिर्जना गरेको हुन्छ भन्ने पूर्वीय काव्य चिन्तन अन्तर्गत प्रतिभालाई देवकोटाले आफ्नो सिर्जना सामर्थ्यका माध्यमबाट पुष्टि गरेका छन्। दस वर्षको उमेरदेखि कविता लेख्न आरम्भ गरेका र यस यत्नलाई जीवनपर्यन्त गति प्रदान गरिरहनाले उनमा साहित्य सिर्जना गर्ने विशिष्ट प्रतिभा रहेको कुरा स्पष्ट भएको छ। कुनै विशिष्ट साहित्यिक कृति र कुनै साहित्य

सिद्धान्तको अध्ययनबिना नै यति साना उमेरमा कविता लेखनारम्भ गर्नु र त्यस यात्रालाई आफ्नो आधा शताब्दीको जीवनकालका चार दशकसम्म साधना गर्नुले उनमा काव्य सिर्जना गर्ने विशिष्ट प्रतिभा रहेको स्वतः बुझिन्छ।

देवकोटा पठित, संस्कारित, पण्डित परिवारमा जन्मिएका व्यक्ति हुन्। षड्शास्त्री पण्डित चन्द्रदत्तका नाति पण्डित तिलमाधवका साहिँलो छोराका रूपमा जन्मिएका देवकोटाको मावलीपट्टिका बाजे तेजप्रसाद उपाध्याय नेपाल पनि पण्डित नै थिए (अवस्थी, वि सं २०६१, पृ-१७)। यसरी घरतिर र मावलीतिरका अभिभावकको संस्कार पठित पण्डित भएकाले पनि उनलाई पढाइलेखाइको वातावरण प्राप्त भएको देखिन्छ। उनले दस वर्षको उमेरमा लेखेको कविताको 'म त अभागिनी पो भएँ' भन्ने पहिलो पङ्क्तिबाहेक अरू प्राप्त नभए पनि सोही उमेरमा लेखेको 'घनघोर दुःख सागर संसार जान भाइ नगरे घमण्ड मर्नू छ हामीलाई' भन्ने कविताले उनको काव्य रचना गर्ने प्रतिभा बोध गराएको छ। वि सं १९७७-मा दरबार स्कुलमा पढ्दा कक्षा कोठामा पन्ध्र मिनट जतिमा 'दरबार स्कूल' शीर्षकको कविता लेखेका (अवस्थी, वि सं २०६१, पृ-२२–२५) देवकोटामा ठाउँको ठाउँ कविता रचना गर्न सक्ने सामर्थ्य रहेको बुझिन्छ। उनको त्यो क्षमता देखेर नै त्यति बेला नै त्यहाँका शिक्षकले 'कोपिलाउँदो कवि' भन्ने टिप्पणी गरेका थिए। एघार वर्षकै उमेरमा कविता लेखनका माध्यमबाट आफ्ना शिक्षकलाई प्रभाव पार्न सफल भएका देवकोटाको प्रतिभा विशिष्ट रहेको देखिन्छ। वि सं १९८६-मा नेपालभरिबाट बी ए उत्तीर्ण हुने उनी मात्र भएकाले पनि उनी सिर्जना अतिरिक्त अध्ययनका क्षेत्रमा पनि गहन प्रतिभाशाली रहेको स्वतः स्पष्ट हुन्छ। हिन्दु र मुसलमानबिचको दङ्गा तथा आफ्नै स्वास्थ्यका कारण पटना विश्वविद्यालयबाट अङ्ग्रेजी विषयमा स्नातकोत्तर तहको परीक्षा दिने उनको रहर पुरा हुन सकेको देखिँदैन (अवस्थी, वि सं २०६१, पृ-२६)। आर्थिक, पारिवारिक एवम् स्वास्थ्य जस्ता समस्यासँग जुझ्दै देवकोटाले सिर्जना र शिक्षाका क्षेत्रमा प्राप्त गरेको सफलतामा पनि उनको प्रतिभाशाली व्यक्तित्वको भूमिका महत्त्वपूर्ण देखिएको छ।

देवकोटामा कारयित्री प्रतिभा विशिष्ट प्रकारको थियो। दस वर्षको उमेरदेखि कविता लेखन आरम्भ गरेका देवकोटाले वि सं १९९१-मा **गोरखापत्र** पत्रिकामा 'पूर्णिमाको जलधि' नामक कविता प्रकाशन गराई साहित्यका क्षेत्रमा सार्वजनिक भएका हुन्। द्रुत लेखन क्षमताका कारण नै उनले तीन महिनामा **शाकुन्तल** (वि सं २००२) महाकाव्य पुरा गरेका र सोही साल भाषानुवाद परिषद्मा जागिरमा रहेकै बेला दस दिन (६० घण्टा)-मा **सुलोचना** (वि सं २००३) महाकाव्य समेत पुरा गरेको देखिन्छ। आफ्नो द्रुत काव्य लेखन क्षमताबारे स्वयम् देवकोटा भन्छन्- "एक घण्टामा स्वागताका ४५ श्लोक जुद्ध सडकमा मोटर दगुरेझैँ दौडे, कविताले मलाई टिपेर लग्यो। शार्दूलविक्रीडितमा ३५ श्लोक कुँदें, अनुष्टुपमा मैले गनिनँ। मेरो पच्चीस वर्षको कविताको तपस्या थियो। म श्लोकमा कुरा गर्न सक्छु, दिनभरि श्लोकमा फत्फताइरहन सक्छु। तब दस दिनमा एउटा महाकाव्य किन नबनोस्। अझ होड गरेको थिइनँ, सायद एक दिनभरिमा एउटा लेख्न सक्छु कि भन्ने समेत आशा छ।"(देवकोटा, वि सं २०३९, पृ-ख)

देवकोटाकै उक्त भनाइले उनमा विद्युतवेगी प्रतिभा रहेको कुरो बोध गराएको छ। सीमित समयमा अधिक सिर्जना गर्न सक्ने सामर्थ्य देवकोटामा रहेको कुरा उनले गरेका सिर्जना कार्यले समेत सिद्ध गरेका छन्। देवकोटाका आफ्नै अभिव्यक्तिले पनि उनको द्रुत काव्य रचना सामर्थ्यलाई सङ्केत गरिरहेका छन्। कुनै रहर र प्रयत्नले मात्र द्रुत

लेखन कार्य सम्भव नहुने र त्यसका लागि जन्मसिद्ध गुण आवश्यक हुने र त्यस्तो गुण देवकोटामा रहेको कुरा उनको सिर्जना सामर्थ्यले स्पष्ट पारेको देखिन्छ।

वि सं २००० मा **सुषमालोचन** महाकाव्यका तीन श्लोक मात्र लेखेका देवकोटाले वि सं २००२-मा भने तीन महिनाको समयमा नै **शाकुन्तल** पूर्ण महाकाव्य लेखेको देखिन्छ। छोटो समयमा लेखिएकाले उनको लेखन क्षमतामाथि गरिएको आशङ्कालाई झन् दस दिनमा नै अर्को **सुलोचना** महाकाव्य लेखेर मेटाइदिएका छन्। वि सं २००३-मा **भक्त प्रल्हाद** (५२ वटा श्लोक) र **सत्याभास** (११ वटा श्लोक) गरी दुईवटा अपूर्ण महाकाव्य लेखनको अभ्यास गरी सोही साल **महाराण प्रताप, पृथ्वीराज चौहान** र **वनकुसुम** गरी तीनवटा पूर्ण महाकाव्य लेखेका छन्। साथै यसै साल **शाकुन्तल**लाई अङ्ग्रेजीमा अनुवाद समेत गरेको देखिन्छ। यसै साल लेखिएका अङ्ग्रेजीको **प्रमिथस** (अनवाउण्ड), संस्कृतमा लेखिएका **सिकन्दर र सुन्दरीजल** भने प्राप्त हुन सकेका छैनन्। **प्रमिथस** (वि सं २००७) उनको अर्को महाकाव्य हो। यसरी देवकोटाले पूर्ण र अपूर्ण गरी तेह्रवटा महाकाव्य लेखेका छन्। महाकाव्य दीर्घ साधना, प्रौढ मस्तिष्क र विशिष्ट प्रतिभाबाट मात्र जन्मिन्छ। देवकोटामा न त दीर्घ साधना नै रह्यो न त प्रौढ मस्तिष्क नै। चौँतीसदेखि एकचालीस वर्षको उमेरका बिचमा सबै महाकाव्य लेखिनुले उनको प्रौढ उमेर चिनाउँदैन। तीन वर्षको अवधिमा **प्रमिथस**बाहेक सबै महाकाव्य लेखेका देवकोटामा विशिष्ट सिर्जना सामर्थ्य रहेको स्पष्ट नै हुन्छ। व्यङ्ग्य, विद्रोह, क्रान्तिकारी, बौद्धिकता प्रदर्शन गर्दै महाकाव्य लेखेका देवकोटाले आफ्नो समयमा सिङ्गो नेपाली महाकाव्य यात्रालाई एक्लै हाँकेको देखिन्छ। उनीभित्र रहेको काव्य रचना गर्ने विशिष्ट प्रतिभाका कारण नै यस्तो सफलता प्राप्त गरेका हुन्।

फुटकर कवितादेखि महाकाव्यसम्म रचना गरेका देवकोटाको सिर्जनायात्रा वि सं १९७६-देखि २०१६-सम्म चालीस वर्ष अनवरत रूपमा रहेको देखिन्छ। वि सं १९९१-मा फुटकर कविताबाट उदाएका देवकोटा वि सं १९९२-मा **मुनामदन**जस्तो लोकप्रिय खण्डकाव्य लिएर देखा परे। उनले वि सं २००२-मा 'घाँसी', 'सन्ध्या', 'वन', 'भिखारी', 'यात्री' जस्ता कविता **मुनामदन**, **लूनी**, **कुञ्जिनी** जस्ता खण्डकाव्य तथा **शाकुन्तल**, **सुलोचना**जस्ता महाकाव्य लेखिसकेका थिए। यसरी कविताका सबै रूपमा विशिष्ट क्षमता प्रदर्शन गरेकाले वि सं२००२-सम्मै उनको महाकवि व्यक्तित्व पूर्णतः प्रकट भइसकेको स्पष्ट छ (जोशी, वि सं २०३१/२०६५, पृ-१०५)। आशुकवित्वको गुण भएका देवकोटामा कवितामै संवाद र भाषण गर्ने तथा जुनसुकै ठाउँ, समय र विषयमा धाराप्रवाह कविता लेख्न सक्ने सामर्थ्य भएको देखिन्छ। तीन महिनामा **शाकुन्तल**, दस दिनमा **सुलोचना**, एक रातमा **कुञ्जिनी**, अस्सी मिनटमा **आँसु** (९३ श्लोक) र एकै दिनमा महाकाव्य लेख्न आँट गरेकाले उनीभित्रको आशुकवित्व र काव्य सिर्जना गर्न सक्ने विशिष्ट प्रतिभालाई पुष्टि गरेको छ। यस्तै क्षमताका कारण उनलाई दार्जिलिङमा ‘विद्युत् कवि’-को संज्ञा दिइएको थियो (जोशी, वि सं २०३१/२०६५, पृ-१०६)। काशीमा रहँदा एकै रातमा एउटा रसका १२५ श्लोक रचना उनले गरेका थिए। काव्य सिर्जनामा देखाएको यस्तो क्षमताका कारण उनलाई प्रतिभा सम्पन्न स्रष्टा मान्न सकिन्छ।

देवकोटामा कारयित्री र भावयित्री प्रतिभा रहेको देखिन्छ। वार्णिक, मात्रिक, लोक लय र गद्य लयमा कविताका सबै रूपको सिर्जना गरेका देवकोटाले कविता अतिरिक्त निबन्ध, नाटक, कथा र उपन्यास विधामा पनि कलम चलाएका छन्। साहित्यका सबै विधामा कलम चलाएका देवकोटामा कारयित्री प्रतिभा विशेष प्रकारको

रहेको देखिन्छ। यससँगै उनमा भावयित्री प्रतिभा पनि रहेको कुरा आफ्नै पुस्तकको लेखकीय मन्तव्य तथा ठाउँ ठाउँमा दिएका उनका अभिव्यक्तिले पुष्टि गरेका छन्। उनको लेखन सामर्थ्यबारे भारतीय विद्वान् राहुल सांकृत्यायनले हिन्दीका श्रेष्ठ र महान् कविहरू– 'जयशङ्कर प्रसाद, सुवित्रानन्दन पन्त, सूर्यकान्त त्रिपाठी 'निराला' यी तीनैजनाको संयुक्त स्वरूपले पनि देवकोटालाई भेटाउन सक्दैन' (जोशी, वि सं २०३१/२०६५, पृ-१०९) भनी टिप्पणी गरेका छन्। देवकोटाप्रतिको यस अभिव्यक्तिले पनि उनका सिर्जना शक्तिको उच्च मूल्याङ्कन गरेको देखिन्छ। देवकोटामा विद्यालय र कलेजमा शिक्षण गरेका, युगवाणी पत्रिकाको सम्पादन गरेका, शिक्षामन्त्री भएर प्रशासनिक जिम्मेवारी वहन गरेका कुरा पनि उनको जीवनीको अध्ययनबाट बोध हुन्छ। एउटै व्यक्ति स्रष्टा, द्रष्टा, शिक्षक, प्राध्यापक, सम्पादक, शिक्षामन्त्रीजस्ता विभिन्न क्षेत्रमा संलग्न रहनाले उनी प्रतिभाशाली व्यक्ति हुन् भन्ने कुरो सिद्ध गरेको छ।

**४.२ व्युत्पत्ति**

आफूभन्दा अगाडिका विद्वान्हरूसँगको सङ्गत, तिनका कृतिको अध्ययन, तिनका साहित्य सम्बन्धी चिन्तन र दर्शन तथा लोक व्यवहारमा प्रचलित मान्यताको अध्ययन, चिन्तन गरी साहित्यको सिर्जना गर्ने प्रवृत्ति समेत देवकोटामा रहेको बुझिन्छ। उनी आफै अङ्ग्रेजी साहित्यका अध्येता हुन्। बी ए पढ्दाखेरि नै उनले साहित्य र साहित्येतर विषयको अध्ययन गरेका थिए। देवकोटाले **शाकुन्तल** महाकाव्य लेख्न पूर्व हिटलरबारे लेखिएको पत्रिका पढेका थिए। हिटलरले पिपिरलाई कालिदासको **अभिज्ञान शाकुन्तल** दिएका र आफूले पनि पढेका थिए (अधिकारी, वि सं २०६६, पृ-७२) भन्ने कुरो देवकोटाले पढे पछि उनमा **शाकुन्तल**बारे पढ्ने इच्छा पलाएको देखिन्छ। त्यसैले व्यासले लेखेका **महाभारत**मा वर्णन भएको **शाकुन्तलोपाख्यान** र कालिदासले लेखेका **अभिज्ञान शाकुन्तलम्**लाई आधार बनाएर उनले **शाकुन्तल** महाकाव्यको रचना गरेका छन्। यसरी पूर्वजका कृतिको अध्ययनपश्चात् तिनबाट प्रभाव ग्रहण गरेर कलात्मक, मौलिक र लक्षणसम्मत **शाकुन्तल** महाकाव्य उनले लेखे। **शाकुन्तल**को रचना गर्दा नै उनले पुष्कर शमशेरलाई भनेका थिए– 'म पुरानैमा जमिरहन चाहन्नँ र नयाँ सृष्टि गर्न चाहन्छु' (सम, वि सं २०५५, पृ-९८)। देवकोटाको यस अभिव्यक्तिले उनमा पुरानो र नयाँ लेखन कलाबारे ज्ञान रहेको र नयाँ लेखनकलालाई आफ्नो लेखनमा उतार्ने चेष्टा गरेको भन्ने कुरा बुझाएको छ। दुवै प्रकारका लेखन शैलीबारे बुझ्नाका लागि दुवै खाले शास्त्रको अध्ययन आवश्यक हुन्छ जुन देवकोटाले गरेको देखिन्छ। त्यस नवीन लेखन कलाको प्रयोग उनले **सुलोचना**मा गरेका छन्। **शाकुन्तल** महाकाव्य लेखनका क्रममा नवीन लेखन कलालाई अवलम्बन गर्ने आफ्नो अभिव्यक्तिलाई महाकाव्य सम्बन्धी शास्त्रीय मान्यताभन्दा भिन्न कथावस्तु, पात्रको प्रयोग गरेर **सुलोचना** महाकाव्यमा सार्थक पारेका छन्। आफूले अध्ययन गरेका कृतिबाट प्रेरणा र प्रभाव ग्रहण गरी साहित्य रचना गरेको कुरा पनि उत्तिकै मननीय छ जुन उनको सिर्जना हेतु अन्तर्गत व्युत्पत्तिका रूपमा चिनिन्छ।

देवकोटाले आफूपूर्वका कृति र इतिहासको अध्ययन गरी साहित्य रचना गरेको देखिन्छ। उनको व्युत्पत्ति सामर्थ्यबारे चर्चा गर्दा **महाराणा प्रताप** र **पृथ्वीराज चौहान**को रचना सन्दर्भलाई पनि मूल्याङ्कन गर्न सकिन्छ। हिन्दू संस्कृतिका राष्ट्रिय विभूतिहरूलाई जगाउने सन्दर्भमा यिनले भारतका वीरहरूको यशोगान गरी यी दुई महाकाव्यको रचना गरेका छन्। यी कृति रचना गर्दा पनि भारतीय इतिहासका ग्रन्थ र आफ्ना महाकाव्यका नायक बन्न योग्य वीर पुरुषहरूको इतिहासलाई उनले राम्ररी अध्ययन र मनन गरेको देखिन्छ। अझ **पृथ्वीराज चौहान**को

रचना गर्दा त थप श्रीहर्षको महाकाव्य **नैषधीय चरित्र**बाट पनि उनले प्रेरणा र प्रभाव ग्रहण गरेका छन् (अधिकारी, वि सं २०६६, पृ-१९८)। यसै गरी उनको **वनकुसुम** महाकाव्य शेक्सपियरको **ह्याम्लेट, म्याकवेथ** र दन्त्यकथाको प्रभाव परेको छ। उनले लेखेको 'वीरहरू' निबन्धमा स्वर्गको फिलिङ्गो चोर्न चाहेको कुरा गरेबाट उनले ग्रिकका मिथक तथा पुराकथाहरू राम्ररी पढेका थिए भन्ने कुरो स्पष्ट हुन्छ। यसै गरी **प्रमिथस** महाकाव्य लेख्न पूर्व उनले ग्रिकका दुःखान्त नाटककार एस्किलसको **बन्दी प्रमिथस** र शेलीको **मुक्त प्रमिथस** नामक प्रमिथसका गाथा पढेर प्रभाव ग्रहण गरेको बुझिन्छ (त्रिपाठी, वि सं २०३१/२०६५, पृ-७१)। यसरी आफ्ना कृतिमा ती पुराना सन्दर्भलाई समावेश गर्नाका लागि ती ग्रन्थहरूको अध्ययन आवश्यक हुन्छ जुन काम देवकोटाले गरेका छन्।

देवकोटामा सिर्जना हेतु व्युत्पत्ति पनि गहन प्रकृतिको रहेको देखिन्छ। उनले लेखनाथ पौड्यालको जस्तो संयमित, परिष्कृत, परिमार्जित लेखन शैली त्यागी स्वच्छन्द, उन्मुक्त लेखन शैलीको थालनी गर्दै त्यसलाई नेपाली साहित्यमा घनीभूत बनाउने काम गरेका छन्। यसका लागि उनले वर्डस्वर्थ, किट्स, शेली, वायरन जस्ता अङ्ग्रेजी स्वच्छन्दतावादी कविहरूबाट प्रभावित भई स्वच्छन्दतावादी प्रवृत्तिलाई आत्मसात् गरेका छन्। यससँगै उनी रुसोको 'प्रकृतितर्फ फर्क' भन्ने मान्यताबाट प्रभावित भई साहित्य सिर्जना गरेको देखिन्छ। 'के नेपाल सानो छ?' निबन्धमा शेक्सपियर, हेलेन केलर, गेटेजस्ता व्यक्तिहरूको नाम उल्लेख गरेका र सातवटा आश्चर्यको कुरा गरेका छन्। यसरी यी लेखक र ठाउँबारे ज्ञानले उनले प्रशस्त मात्रामा पाश्चात्य साहित्य र इतिहासको अध्ययन गरेको पुष्टि हुन्छ। देवकोटाले **मुनामदन**को रचना गर्दा आफ्नै सहपाठी सी बी श्रेष्ठले सुनाएको नेवारी भाषाको लोकगाथाबाट प्रेरणा र प्रभाव ग्रहण गरेका थिए। यो नेवारी लोकगाथा 'जि वया ला लछि मदुनी' (म आएको महिना दिन पनि भएको छैन) शीर्षकको गीतिकथा हो भन्ने कुरो दयाराम श्रेष्ठले जनाएका छन् (अवस्थी, इ सं २०६१, पृ-११५)। उनले हिन्दी, बङ्गाली, अङ्ग्रेजी साहित्यको सिङ्गै रोमान्टिक युगलाई पचाएको देखिन्छ (जोशी, वि सं २०३१/२०६५, पृ-१०५)। उनले भारतको पटनामा साधुसँग र काठमाडौँमा सङ्गीत शिरोमणि यज्ञराज अर्यालसँग सङ्गीत सिकेको देखिन्छ। उनले घरको नोकर वीरमान तामाङबाट तामाङ भाषा सिकेका, हिउँदमा माग्न आउने भोटेबाट भोटे भाषा सिकेका छन् (अवस्थी, वि सं २०६१, पृ-३८)। यी तथ्यले उनी अग्रजबाट ज्ञान आर्जनमा निरन्तर लाग्थे भन्ने स्पष्ट हुन्छ। देवकोटाले आफ्ना सिर्जनामा केवल उत्पाद्य विषय मात्र नलिई ऐतिहासिक, पौराणिक, लोक साहित्यिक सन्दर्भलाई पनि लिएकाले सिर्जना हेतु व्युत्पत्ति पनि गहनतासाथ रहेको देखिन्छ।

विशिष्ट प्रतिभा भएका देवकोटाका सिर्जनालाई सशक्त, स्तरीय र विविध विषययुक्त बनाउनका लागि प्रतिभा अतिरिक्त व्युत्पत्ति पनि उत्तिकै महत्त्वपूर्ण देखिएको छ। आफ्ना रचनामा समावेश गरिएका पौराणिक, ऐतिहासिक सन्दर्भ तथा लेखन शैलीको नवीन प्रयोगका आधारमा उनले प्रशस्त मात्रामा शास्त्रहरूको अध्ययन गरेका र तिनबाट प्रेरणा र प्रभाव ग्रहण गरेको कुरो उनले गरेको अध्ययन र सिर्जनामा प्रयुक्त विविध विषयले सिद्ध गरेको देखिन्छ। यसै आधारमा उनको प्रतिभापछिको अर्को सिर्जना हेतु व्युत्पत्ति पनि सँगसँगै आएको स्पष्ट हुन्छ।

**४.३ अभ्यास**

प्रतिभा र व्युत्पत्तिपछिको अर्को महत्त्वपूर्ण सिर्जना हेतु अभ्यासका कोणबाट देवकोटाको मूल्याङ्कन गर्दा उनी प्रशस्त अभ्यासका माध्यमबाट खारिएका स्रष्टाका रूपमा समेत परिचित रहेका छन्। उनमा प्रतिभा अतिरिक्त

व्युत्पत्ति र अभ्यासको पनि कमी नरहेको कुरो उनको सिर्जनात्मक जीवनको अध्ययनबाट स्पष्ट भएको छ। सिर्जनाका क्रममा देखाएका निरन्तर अभ्यासले पनि उनलाई विशिष्ट साहित्यकार बन्नाका लागि बल प्रदान गरेको छ। दस वर्षको उमेरबाटै कविता लेख्न आरम्भ गरेका देवकोटाले वि सं १९९१-मा **गोरखापत्र** पत्रिकामा 'पूर्णिमाको जलधि' नामक कविताका माध्यमबाट सार्वजनिक भएसँगै त्यस यात्रालाई निरन्तरता दिएको देखिन्छ। उनी आफ्नो झन्डै पन्ध्र वर्षको कविता साधनापश्चात् औपचारिक रूपमा पत्रिकामा देखा परेका हुन्। यति लामो समयसम्मको निरन्तर अभ्यासपछि मात्र उनी सार्वजनिक हुनाले उनका सिर्जनाको कारण अभ्यासलाई पुष्टि गरेको छ। उनले **मुनामदन** खण्डकाव्यलाई बारम्बार परिष्कार र परिमार्जनको अभ्यासले पनि उनका काव्य साधनामा निरन्तर अभ्यास रहेको स्पष्ट भएको छ। कागजका टुक्रा, चुरोटका बट्टामा पनि कविता कोर्दै र फ्याँक्दै गर्ने उनका बानीले पनि उनी लेखनमा निरन्तर अभ्यास गर्थे भन्ने बुझिन्छ।

देवकोटा आफ्नो कविता लेखन आरम्भ गरेको पन्ध्र वर्षपछि फुटकर कवितामा, सोह्र वर्षपछि खण्डकाव्यमा र चौबीस वर्षको कविता साधनापश्चात् महाकाव्यकारका रूपमा सार्वजनिक भएका छन्। **सुष्मालोचन** (वि सं २०००) उनको पहिलो महाकाव्य लेखनको प्रयास हो। यो कृति तीन श्लोकबाट अघि बढ्न सकेन। त्यसको दुई वर्षपछि **शाकुन्तल**मा आइपुग्दा उनको कविता साधनाले छब्बीस वर्ष पुरा गरेको देखिन्छ। आफ्नो कविता साधनाबारे उनकै अभिव्यक्ति 'मेरो पच्चीस वर्षको कविताको तपस्या थियो' (देवकोटा, वि सं २०३९, पृ-ख)-ले पनि उनी निरन्तर कविता साधना गर्थे भन्ने कुरो पुष्टि गरेको छ। वि सं २००३-मा नौवटा महाकाव्य लेख्न प्रयास गरेका र चारवटा पुरा गरेकाले उनको लेखनमा निरन्तरता रहेको बुझिन्छ। यति मात्र होइन कविता अतिरिक्त अन्य विधामा पनि उनले निरन्तर अभ्यास गरिरहे। देवकोटा स्वच्छन्द र उन्मुक्त शैलीमा आफ्नो विद्युतवेगी प्रतिभालाई प्रस्फुरण गराउँदै निरन्तर काव्य साधनामा क्रियाशील रहेका प्रतिभा हुन्। यसरी हेर्दा न्यून परिष्कार र अधिक स्वच्छन्द लेखनलाई आत्मसात् गर्ने साहित्यकारका रूपमा उनी चिनिएका छन्। हुन त उनले आफ्ना केही कृतिबाहेक अरूलाई पुनरावलोकन गर्ने बानी बसालेनन्। यसो भए पनि दस वर्षको उमेरदेखि आफ्नो जीवनको अन्तिम घडीसम्म साहित्य रचनाको अभ्यासलाई भने निरन्तरता दिए।

देवकोटाले अग्रज, काव्यमर्मज्ञहरूबाट प्रभाव, प्रेरणा र सुझाउ लिएर काव्य रचना गरेको देखिन्छ। आफ्नी जेठी भाउज्यूका प्रेरणाले दस वर्षको उमेरमा लेखेका कविताले पनि यो कुरो पुष्टि गर्दछ। धार्मिक ग्रन्थका लयात्मक पद्यहरू पढेर र सुनेर पनि उनले आफ्नो लेखन यात्रालाई अगाडि बढाए। त्रिचन्द्र कलेजका प्रोफेसर गोकुलचन्द्रले हिन्दू संस्कृतिका राष्ट्रिय वीर विभूतिहरूलाई पनि जगाउनु पर्छ, स्वतन्त्रता प्रेम र राष्ट्र प्रेम जगाउनुपर्छ भने पछि **महाराणा प्रताप** र **पृथ्वीराज चौहान** लेखेका (जोशी, वि सं २०३१/२०६५, पृ-१७५)-ले अरूको सल्लाह र प्रेरणा उनले लिन्थे र अभ्यास पनि गर्थे भन्ने कुरो स्पष्ट हुन्छ। वर्डस्वर्थ, किट्स, शेली, वायरनजस्ता अङ्ग्रेजी स्वच्छन्दतावादी कविहरूबाट प्रभावित भएका र नेपालीमा पनि त्यस्तै लेखन शैलीको विकासमा निरन्तर अभ्यास उनले गरेको देखिन्छ। सुरुमा स्वच्छन्दतावादी प्रवृत्ति आत्मसात् गरेका देवकोटा वि सं २००४ पछि स्वच्छन्दतावादी–प्रगतिवादी प्रवृत्तिलाई आफ्ना कवितामा उतारे। नेपाली कवितामा वि सं १९९१-देखि २०१६-सम्म निरन्तर कविता साधना गरेर सिङ्गो नेपाली कविताको स्वच्छन्दतावादी–प्रगतिवादी धाराको नेतृत्व गर्दै निरन्तर काव्य लेखन अभ्यासलाई पुष्टि गरेका छन्। विद्युतवेगी प्रतिभा देवकोटालाई पुनरावलोकन गर्ने कुरामा त्यति रुचि

नभए पनि **वनकुसुम**, **पृथ्वीराज चौहान** र **महाराणा प्रताप**लाई वि सं २००७ लगत्तै छाप्न भनी सम्झाउँदा 'बनाउन बाँकी' (अधिकारी, वि सं २०६६, पृ-६९) भनेकाले उनले काव्य लेखनमा निरन्तर अभ्यास गर्थे भन्ने कुरो समेत पुष्टि गरेको देखिन्छ।

सिर्जना र समीक्षाका माध्यमबाट साहित्यका क्षेत्रमा आफूलाई स्थापित गराएका देवकोटाको योगदान कविता र निबन्ध विधामा गहन रहेको छ। उनले आफूभित्रको कारयित्री र भावयित्री प्रतिभालाई आफ्नो निरन्तरको साहित्य साधना र अभ्यासले खार्दै र तिखार्दै लगेको देखिन्छ। निरन्तर साहित्य सिर्जना अभ्यासका कारणले नै उनले आफूलाई नेपाली साहित्यमा उत्कृष्ट साहित्यकारका रूपमा स्थापित गराउन सफल भएका छन्। 'हुन त उनको जीवन उतार चढाउले भरिएको छ। उनको जीवन सधैँ जसो झरी र साउनको कथा भयो। ती जहिल्यै पनि क्षुत्तृषान्वित थिए। बाँच्ने रहर र सङ्घर्ष गर्ने अदम्य उत्साह पनि तिनका जीवनको विवृत्त पाटो थियो। ... नेपालीले महाकविप्रति गरेको यो पाप जति प्रायश्चित्त गरे पनि पखालिने छैन' (बराल, वि सं २०२९/२०४८, पृ-१९८) भन्ने भनाइले उनको जीवनको यथार्थता बोध गराउँछ। जीवनमा सङ्कट, अभाव, अस्वस्थता रहँदा रहँदै पनि आफ्नो आधा शताब्दीको जीवनकालमध्ये चार दशक निरन्तर रूपमा साहित्य साधनामा लगाउनाले उनको सिर्जना हेतु अभ्यास हो भन्ने स्वतः स्पष्ट भएको छ।

## ५ निष्कर्ष

आधुनिक नेपाली साहित्यका क्षेत्रमा विशिष्ट स्रष्टाका रूपमा लक्ष्मीप्रसाद देवकोटा स्थापित रहेका छन्। दस वर्षको उमेरदेखि साहित्य सिर्जनामा लागेका देवकोटाको सिर्जना यात्रा जीवनपर्यन्त नै रहेको देखिन्छ। सिर्जनाका सबै विधामा आफूलाई सार्वजनिक गरेका देवकोटालाई साहित्यमा सक्रिय गराउने कारण रहेका छन्। यस लेखमा काव्य हेतु सम्बन्धी पूर्वीय मान्यताका आधारमा लक्ष्मीप्रसाद देवकोटाको मूल्याङ्कन गरिएको छ। जीवनमा चार दशकको निरन्तरको सिर्जना साधनाका माध्यमबाट आफ्नो विशिष्ट सिर्जना सामर्थ्यलाई स्थापित गराएका देवकोटामा जन्मजात स्वाभाविक प्रतिभाजन्य सिर्जना सामर्थ्य रहेको कुरो उनको सिर्जना यात्राका तथ्यले स्पष्ट पारेका छन्। उनले पूर्वीय एवम् पाश्चात्य जगत्का प्रसिद्ध ऐतिहासिक, पौराणिक विषयवस्तु एवम् लेखनकलालाई आफ्ना सिर्जनामा प्रयोग गरेको देखिन्छ। प्रतिभाजन्य विशिष्ट गुणले सम्पन्न देवकोटामा व्युत्पत्तिगत सिर्जना हेतु समेत गहन रहेको कुरा उनका लेखनमा प्रयुक्त विषय र कलाले स्पष्ट पारेका छन्। यसरी नै देवकोटाले आफ्नो आधा शताब्दीको जीवनकालका चार दशक साहित्य साधनामा निरन्तर लागिरहे। उनको यस्तो साधनाले उनलाई विशिष्ट साहित्यकार बन्नाका लागि बल प्रदान गरेको छ। जन्मसिद्ध प्रतिभाजन्य सिर्जना सामर्थ्य भएका देवकोटाले आफ्नो सिर्जनालाई गहन बनाउन व्युत्पत्ति र अभ्यासलाई पनि साहचर्यका रूपमा प्रयोग गरेको देखिन्छ। उनीमा रहेको व्युत्पत्ति सामर्थ्यलाई प्रतिभा र अभ्यासले सहयोग गरेको देखिन्छ। यसै गरी अभ्यासमा निरन्तरता कायम राख्न उनीभित्रको प्रतिभा र व्युत्पत्तिले बल प्रदान गरेका छन्। यसरी प्रतिभा, व्युत्पत्ति र अभ्यासको त्रिकोणात्मक समन्वयका कारण उनी नेपाली साहित्यमा विशिष्ट साहित्यकारका रूपमा सम्मानित भएका हुन् भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ। पूर्वीय काव्य चिन्तन अन्तर्गत सिर्जना हेतुका प्रतिमानहरू प्रतिभा, व्युत्पत्ति र अभ्यासका कोणबाट देवकोटाको मूल्याङ्कन गरिएको यो लेख अन्य अध्येताका लागि महत्त्वपूर्ण सामग्री हुनु यस अध्ययनको उपलब्धि रहेको छ।

## सन्दर्भ


अधिकारी कृष्णराज, वि सं २०६६, **महाकाव्य सिद्धान्त र देवकोटाका महाकाव्य**, पोखरा, गण्डकी साहित्य सङ्गम

अवस्थी महादेव, वि सं २०६१, **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,** काठमाडौँ, एकता बुक्स

उपाध्याय केशवप्रसाद, वि सं २०४९, **साहित्य प्रकाश**, पाँचौँ संस्करण, काठमाडौँ, साझा प्रकाशन

गुलाबराय, इ सं १९६५, **सिद्धान्त और अध्ययन**, दिल्ली, प्रतिभा प्रकाशन

जोशी कुमारबहादुर, वि सं २०६५, **महाकवि देवकोटा र उनका महाकाव्य**, चौथो संस्करण, काठमाडौँ, साझा डिस्ट्रिब्युटर्स

त्रिपाठी वासुदेव, वि सं २०३४, **लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन**, काठमाडौँ, त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र

त्रिपाठी वासुदेव, वि सं २०६५, 'महाकवि देवकोटा र उनका महाकाव्यका सम्बन्धमा', कुमारबहादुर जोशी (सम्पा) **महाकवि देवकोटा र उनका महाकाव्य**, चौथो संस्करण, काठमाडौँ, साझा प्रकाशन

देवकोटा लक्ष्मीप्रसाद, वि सं २०३९, **सुलोचना**, छैटौँ संस्करण, काठमाडौँ, साझा प्रकाशन

न्यौपाने टङ्कप्रसाद, वि सं २०४९, **साहित्यको रूपरेखा**, दोस्रो संस्करण, काठमाडौँ, साझा प्रकाशन

बराल ईश्वर (सम्पा), वि सं २०४८, **झ्यालबाट**, पाँचौँ संस्करण, ललितपुर, साझा प्रकाशन

मम्मट, इ सं १९८०, **काव्यप्रकाश**, शिवराजः कौण्डिन्न्यायनः (व्याख्याकार), दिल्ली, मोतीलाल वनारसीदास

शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, वि सं २०६१, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौँ, विद्यार्थी पुस्तक प्रकाशन

शर्मा मोहनराज, वि सं २०५५, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

शर्मा मोहनराज, वि सं २०७६), 'सिर्जनात्मक लेखनका सैद्धान्तिक पक्षहरू', राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा), **रत्न बृहत् नेपाली समालोचना** (सैद्धान्तिक खण्ड), दोस्रो संस्करण, काठमाडौँ, रत्न पुस्तक भण्डार

श्रीवास्तव अर्चना, इ सं १९९१, **भारतीय तथा पाश्चात्य काव्यशास्त्र**, वाराणसी, विश्वविद्यालय प्रकाशन

सम बालकृष्ण, वि सं २०५५, 'सरस्वतीप्रसाद देवकोटा', भवानीप्रसाद घिमिरे (सम्पा), **भानु** (देवकोटा विशेषाङ्क), अङ्क ५:१२, काठमाडौँ, ...